# बुद्ध पूजा विधि, कथा संग्रह
# र
# परित्राण



धम्मवती

Downloaded from http://dhamma.digital/

# धर्मकीर्ति प्रकाशन

( नेपाली भाषामा )

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचारा स्थविर चरित
६. बुद्ध शासनको इतिहास ( भाग-१)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी ( प्र. सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास ( भाग-१)
१६. बौद्ध विश्वास (भाग-२)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको रहस्य
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र. सं.)
३०. बुद्ध पुजा विधिर कथा संग्रह (प्र.सं.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त ( पालि भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता"
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न ( भाग-१)
४३. मिलिन्द प्रश्न ( भाग-२)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पुजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध विश्वास ( भाग-३)
४९. बुद्धको अन्तिम यात्रा(प्रथम भाग)
५०. लक्ष्मी ( द्वि. सं. )
५१. सम्यक शिक्षा
५२. परित्राण ( द्वि. सं. )
५३. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५४. बुद्ध पुजा विधि , कथा संग्रह र परित्राण

Dharmakirti Publication
(English)

1. Buddhist Economics and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. " Dharmakirti in Nut shell"

Downloaded from http://dhamma.digital/

# बुद्ध पूजा विधि, कथा संग्रह

र

# परित्राण

धम्मवती
धर्मकीर्ति विहार, श्रीघः, (नःघ)
काठमाडौं ।

Downloaded from http://dhamma.digital/

प्रकाशकः—
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः, नघल टोल
काठमाडौं ।
फोन :– २२०४६६

( सर्वाधिकार सुरक्षित )

बुद्धसम्वत् : २५४०
नेपालसम्वत् : १११७
विक्रमसम्वत् : २०५३
इस्वीसम्वत् : १९९७

चौथो संस्करण : १५०० प्रति

मुद्रक :
नील सरस्वती छापाखाना
लाजिम्पाट, काठमाडौं ।
फोन : ४१८०५४

Downloaded from http://dhamma.digital/



# स्व. पुष्पराज राजकर्णिकार

रामभण्डार (थापाथली)

जन्म : बि. सं १९८२ साल जेष्ठ महिना

दिवंगत : बि. सं. २०४७ साल चैत्र २ गते

Downloaded from http://dhamma.digital/

# स्व. श्री पुष्पराज कर्णिकारको पुण्य स्मृतिमा धर्मदान

जीवन र मरण प्रकृतिका शाश्वत सत्य हुन् । त्यसैले जीवनको सार्थकता परमार्थ हो भन्ने कुरालाई मनन गरेर परिवार, समाज र देशका लागि जीवन उत्सर्ग गर्ने व्यक्तिहरू दिवंगत भएपछि नै स्मृति पटलमा बाँचेकै हुन्छन् । यस्तै आदरणीय व्यक्तित्वहरूमा स्व. श्री पुष्पराज कर्णिकार पनि अग्रपंक्तिमा पर्नु हुन्छ ।

अग्निराज कर्णिकार र ललित माया राज कर्णिकारका ज्येष्ठ पुत्र पुष्पराज कर्णिकारको जन्म विक्रम सम्वत १९८२ साल जेष्ठ महिनाको सोमबारका दिन ललितपुर जिल्लाको टंगल टोलमा भएको थियो । संयुक्त परिवारको ज्येष्ठ पुत्रको रूपमा जन्मनु भएको पुष्पराजको वाल्यकाल ममता, स्नेह र वात्सल्यमय वातावरणमा हुर्कियो, बढ्यो । सहयोगी स्वभाव, सही मार्गदर्शन दिन सक्ने क्षमता, दृढ र व्यवहारिक स्वभावका कारण पुष्पराज आफ्ना मित्र, बन्धु बान्धव र आफन्तहरूका बीच ज्यादै लोकप्रिय हुनु हुन्थ्यो ।

सानै उमेरदेखि अध्ययन, पठन पाठनका साथसाथै आफ्नो पुर्ख्यौली व्यवसाय (मिठाईको व्यवसाय) मा महिरो



Downloaded from http://dhamma.digital/

अभिरुचि राख्नु भै व्यवसायको श्रीवृद्धिमा निरन्तर लागिरहनु भयो। युवावस्थामा प्रवेश गरेपछि उहाँ व्यवसायमा मात्र सीमित नरही देश र जनताका लागि पनि केही गर्ने भन्ने उहाँको सुषुप्त इच्छा प्रवल इच्छामा परिणत भयो र उहाँ देश र जनताको सेवा र विकास सम्बन्धी विविध क्रियाकलापमा संलग्न हुनु भयो। क्रमशः उहाँ २००५ सालमा नेपालको जन क्रान्तिकारी आन्दोलनमा सक्रिय सहभागी हुनु भयो। जनक्रान्तिको महायज्ञमा होम्मिने क्रममा उहाँ केही समय भूमिगत हुनु भयो। प्रजातन्त्र प्राप्तिका लागि मरिमेट्ने काममा उहाँ तन मन धनले सक्रिय रहनु भयो।

२००७ सालमा राणा शाहीको क्रूर पंजाबाट देश स्वतन्त्र भएपछि उहाँ तात्कालीन प्रजा परिषद दलको विधिवत् सदस्यता ग्रहण गर्नु भयो। यसरी प्रजा परिषदको सदस्य बन्नु भएपछि पुष्पराज २००८ सालमा आफ्नो जन्मस्थल ललितपुरको टङ्गल टोलबाट वडा सदस्यमा निर्वाचित हुनु भयो। वडा सदस्य रहनु हुँदा सो अवधि भित्र उहाँले टङ्गल टोल लगायत वरपरका क्षेत्रहरूको विभिन्न विकास निर्माणका कार्यहरूको थालनी गर्नु भयो। उहाँको सक्रियतामा विभिन्न समाज सुधार, निर्माण कार्यहरू सम्पन्न भए, छरछिमेक, परिवार, बन्धु बान्धव र वडाभित्र समय समयमा भै रहने घरायसी समस्याहरूको बडो निष्पक्ष ढङ्गबाट समाधान गर्नु हुने पुष्पराज वडामा निकै सम्मानित



Downloaded from http://dhamma.digital/

हुनु हुन्थ्यो, उहाँको निष्पक्षता, मिलनसार स्वभावको सबैले प्रशंसा गर्दथे ।

२०१७ सालमा निर्दलीय व्यवस्थाको प्रादुर्भाव भएपछि उहाँले राजनीतिबाट सन्यास लिनु भयो र आफ्नो सम्पूर्ण ध्यान पुख्यौंली व्यवसायमा केन्द्रित गर्नु भयो। आफ्नो सम्पूर्ण जीवन व्यक्तिगत स्वार्थभन्दा देश, जनता र परिवारको उन्नति र सामाजिक प्रतिष्ठाको अभिवृद्धिमा निरन्तर लागिरहनु हुने पुष्पराज आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि यसै लक्ष्यको परिपूर्तिमा लागि पर्नु भयो। उहाँको अगुवाइमा पुख्यौंली व्यवसायको निरन्तर प्रगति हुँदै गयो ।

नश्वर शरीरको चोलो फेर्नु अघि केही वर्षदेखि उहाँलाई मधुमेह, उच्च रक्तचापले दुःख दिन थालेको थियो। तर पनि आत्म विश्वास प्रचुर मात्रामा भएको कारणबाट खानपिनमा पहरेज गरी उहाँ आफ्नो स्वास्थ्यको राम्रो हेरचार गर्दै आउनु भएको थियो ।

तर देहावसान हुनुभन्दा वर्षदिन अगाडि उहाँ अचानक एक नयाँ रोगबाट ग्रसित हुनु भयो। अचानक मुर्छा पर्ने अनौठो रोगबाट उहाँ पिडित हुनु भयो। सम्बन्धित डाक्टर विशेषज्ञहरूबाट परीक्षण र थुप्रै अनुसन्धान पछि मुटुको चाल असामान्य भएको कुरा पत्ता लाग्यो। उहाँलाई उपचारको लागि वीर अस्पतालको (सघन उपचार कक्ष)



Downloaded from http://dhamma.digital/

आइ सी यू. मा भर्ना गरियो । उपचारको क्रममा मुटुको धडकनलाई सामान्य पार्न पेस मेकर राखियो । यसबाट उहाँलाई केही आराम हुन गयो । एक सप्ताहको अस्पताल वसाइपछि उहाँलाई घर फर्काइयो । तर अकस्मात् उहाँलाई श्वाँस फेर्न गाह्रो हुन गयो । तुरुन्त डाक्टर देखाउँदा उहाँलाई अक्सीजन दिनुपर्ने स्थिति सृजना भयो । उहाँलाई निमोनिया भएको पनि पाइयो । यी घटना क्रमहरूकै भोलि-पल्ट नै अकस्मात् सबै परिवारको उपस्थितिमा उहाँले हामी सबैसंग कुरा गर्दागर्दै ब्रह्मलीन हुनु भयो र नश्वर शरीरलाई इश्वरमा समाहित गर्नु भयो ।

उहाँ आज हाम्रो बीचमा हुनु हुन्न, तर उहाँको मार्ग दर्शन, उहाँको प्रेरणा, उहाँको हामीप्रति रहेको असीम स्नेह, माया, ममता सदैव हाम्रो स्मृति पटलमा चिर स्थायी रहनेछ । उहाँको पथ प्रदर्शन हाम्रो प्रेरणाको स्रोत बनी रहनेछ ।

धर्मदान गर्ने दाताहरू–
**राम भण्डार**
परिवार



Downloaded from http://dhamma.digital/

# अनिच्चावत संखारा

वि. सं. १९८२ साल जेष्ठ महिनामा ललितपुर टंगल टोलमा जन्मनु भएका स्व. श्री पुष्पराज राजकर्णिकार वि.सं. २०४७।१२।२ गते दिवंगत हुनु भयो। आफ्नो जीवन कालमा एक व्यापारी परिवारमा जन्म भएर पनि समाज सेवामा सधैं संलग्न हुनु भएका श्री पुष्पराज राजकर्णिकार ज्यू ललितपुर नगरपालिकाको सदस्य भएर ललितपुरका जनताको सेवा गर्नु भएको थियो, र ललितपुर रक्षा मण्डल केन्द्रमा उहाँ टंगल टोलको प्रतिनिधि हुनु हुन्थ्यो। बुद्ध धर्मको संस्कारमा हुर्कनु भएका स्व. राजकर्णिकारज्यूको मोक्षको कामना गरी उहाँको भतिजा दिवाकर राजकर्णिकार ज्यूले अनगारिका धम्मवतीले लेख्नु भएको बुद्ध पूजा विधि र कथा संग्रहको नयाँ संस्करण प्रकाशनमा ल्याउनु भएको अति नै प्रशंसनीय श्रद्धाञ्जली हो।

अनित्य, दुःख र अनात्मको भुमरीमा परेका प्राणी-हरूको उद्धारको निम्ति भगवान बुद्धले दिनुभएको बुद्ध धर्म र संघका महत्व सबैलाई बुझाई मानिसहरूलाई शील समाधि प्रज्ञाको ज्ञान दिने काममा दिवंगत हुनुभएका ठूलो बुबाको मोक्ष कामना गरी यो पुस्तक प्रकाशित गरी निःशुल्क वितरण गरी धर्मदान गर्ने दिवाकर राजकर्णिकार ज्यूका सपरिवारको भावनाले सबैको कल्याण होस् भन्ने कामना गर्दछु।

भवतु सब्ब मङ्गलम्

फाल्गुण २६ गते २०५३
बुद्ध विहार
भृकुटी मण्डप

भिक्षु सुमङ्गल

# प्रकाशकीय

यस "बुद्धपूजा विधि, कथा संग्रह र परित्राण" नामक पुस्तिका धर्मकीर्ति विहारबाट प्रकाशित नेपाली भाषाका पुस्तकहरू मध्ये ५४ औं ग्रन्थमालाको रूपमा पाठक वर्ग समक्ष प्रस्तुत गर्न पाउँदा हामी सबैलाई खुसी लागेको छ।

प्रस्तुत पुस्तिकामा समावेश रहेको बुद्धपूजा विधि र कथा संग्रहलाई बुद्धपूजा विधि र कथा संग्रह नामक पुस्तिकाबाट उधृत गरिएको छ भने परित्राणलाई परित्राण नामक पुस्तकबाट उधृत गरिएको छ।

यस पुस्तिका दिवंगत श्री पुष्पराज राजकर्णिकारको पुण्य स्मृतिमा धर्मदान गर्न पवित्र श्रद्धा व्यक्त गरी आवश्यक चन्दा प्रदान गर्नु हुनेहरू राम भण्डार परिवार प्रति धर्मकीर्ति विहारको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछौं।

यस पुस्तिका समयमा छापिदिनु भएकोमा नील सरस्वती छापाखानालाई पनि धन्यवाद नदिइरहन सकिदैन।

**धम्मवती**
अध्यक्ष– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार



Downloaded from http://dhamma.digital/

# शीलपरिच्छेद

थेरवाद बौद्ध चरित्र अनुसार कुनै पनि बौद्धले कुनै पनि पुण्य कार्यको शुभारम्भमा पञ्चशील ग्रहण गरी पवित्र हुनु आवश्यक छ र त्यस्तै चलन चलित छ ।

शीलको शाब्दिक अर्थ सदाचार हो । पञ्चशील, अष्टशील र प्रव्रज्याशील आदि यिनको अनेक भेद छन् । बौद्ध गृहस्थीको कर्तव्य हो कि उनी नित्य पञ्चशील पालन गर्नमा ध्यान दिनु र अष्टमी, औंसी एवं पूर्णिमाको दिनहरूमा अष्टशीलको पालनगरुन् । प्रव्रज्या–शील भिक्षु हुनेहरूको लागि हो ।

पञ्चशील ग्रहण गर्नुभन्दा पूर्व भगवान् बुद्धलाई वन्दना गरेर त्रिशरण ग्रहण गर्दछन् ।

जो व्यक्ति अरू कुनै धर्मावलम्बी हो भने अर्थात् अबौद्ध हो भने यदि त्यो बुद्धको शिक्षा ग्रहण गर्न इच्छुक छ त उसले कोही भिक्षु समक्ष वा बुद्धमूर्तिको अगाडि हात जोडी त्रिशरणको साथ पञ्चशील ग्रहण गर्नुपर्छ । त्रिशरण सहित पञ्चशील (सपथ) ग्रहण गरेपछि त्यो बुद्धमार्गी हुनेछ । त्रिशरण सहित पञ्चशील ग्रहण गर्ने विधि निम्न प्रकार छ ।

शील प्रार्थना विधि

# त्रिशरण

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

बुद्धं सरणं गच्छामि = म बुद्धको शरणमा जान्छु ।
धम्मं सरणं गच्छामि = म धर्मको शरणमा जान्छु ।
संघं सरणं गच्छामि = म संघको शरणमा जान्छु ।

दुतियम्पि बुद्धं सरणं गच्छामि
दुतियम्पि धम्मं सरणं गच्छामि
दुतियम्पि संघं सरणं गच्छामि
= दोस्रो पल्ट पनि बुद्ध, धर्म, संघको शरणमा जान्छु ।

ततियम्पि बुद्धं सरणं गच्छामि
ततियम्पि धम्मं सरणं गच्छामि
ततियम्पि संघं सरणं गच्छामि
= तेस्रो पल्ट पनि बुद्ध, धर्म, संघको शरणमा जान्छु ।

# पञ्चशील

पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।



Downloaded from http://dhamma.digital/

कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।
मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
सुरामेरय मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।

अर्थ–

१) प्राणी हिंसाबाट बच्नु शिक्षा ग्रहण गर्छु ।
२) नदिएको वस्तु नलिने (चोरी नगर्ने) शिक्षा ग्रहण गर्छु ।
३) बेभिचार (भ्रष्टाचार) नगर्ने शिक्षा ग्रहण गर्छु ।
४) झुट्टा कुरा नगर्ने शिक्षा ग्रहण गर्छु ।
५) रक्सी आदि (लाग्ने पदार्थ) नपिउने शिक्षा ग्रहण गर्छु ।

भिक्षुले– तिसरणेन सद्धिं पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।

अर्थ– त्रिशरण सहित पञ्चशील धर्मलाई राम्रोसित सुरक्षित गरी होशियारीका साथ परिपालन गर ।

गृहस्थी––आम भन्ते (हवस् भन्ते) ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital/

# अष्टशील प्रार्थना

ओकास अहं भन्ते तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथसीलं धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।

अर्थ--

आज्ञा होस् भन्ते, मैंले त्रिशरण सहित आठ अङ्ग भएको उपसोथ शील मागिरहेको छु । कृपा गरेर मलाई शील दिनुहोस् ।

दुतियम्पि–ततियम्पि भनी तीन पटक दोहरिनु पर्छ । पञ्चशीलमा जस्तै–

बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि तीन पटक शरणमा जाने ।

## अष्टशील

१) पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
३) अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि ।
४) मुसावादा वेरमणी सिक्खापदं समादियामि ।



Downloaded from http://dhamma.digital/

५) सुरा मेरय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।

६) विकालभोजना वेरमणी सिक्खापदं समादियामि।

७) नच्च गीत–वादित–विसूक दस्सन माला–गन्ध–विलेपन–धारण–मण्डन–विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि ।

८) उच्चासयन–महासयना वेरमणी सिक्खापदं समादियामि ।

अर्थ––

१) प्राणी हिंसा नगर्ने नियम पालन गर्छु ।

२) चोरी नगर्ने नियम पालन गर्छु ।

३) ब्रह्मचर्या पालन गर्ने नियम ग्रहण गर्छु ।

४) झूठो कुरा गर्ने बानि छोड्ने नियम पालन गर्छु ।

५) रक्सी जाँड आदि लाग्ने पदार्थ नपिउने नियम ग्रहण गर्छु ।

६) अबेलामा (आधादिन बितेपछि बेटाइममा) भोजन नगर्ने शिक्षा (नियम) पालन गर्छु ।

७) चरित्र भ्रष्ट हुने नाच, गान र अयोग्य दृश्य नहेर्ने र धेरै मूल्य पर्ने मालागन्ध अत्तर आदि



Downloaded from http://dhamma.digital/

(विलाषी) आभूषण पदार्थ सेवन नगर्ने नियम धारण गर्छु ।

८) धेरै पैसा पर्ने विलाषी बिछयौना र उच्च आसनमा नबस्ने नसुत्ने नियम पालन गर्छु ।

भिक्षुले– तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपसोथ-सीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमा-देन सम्पादेथ ।

गृहस्थी– आम भन्ते (हवस् भन्ते) ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital/

# आफैले शील ग्रहण गर्ने नियम

यदि शील प्रदान गर्ने कोही भिक्षु रहेन भने आफ्नो इच्छानुसार कुनै निर्जन स्थानमा वा बुद्ध प्रतिमा भएको ठाउँमा गई वन्दना गरी अथवा जुन दिशामा चैत्य, विहार छ उतातिर हेरेर वन्दना गरीकन नमो तस्स भगवतो देखि त्रिशरण सहित पञ्चशील अष्टशील ग्रहण गर्ने। कसैलाई पालि श्लोक भन्न आउँदैन भने उसले यसरी प्रार्थना वा प्रतिज्ञा गरे पनि हुन्छ– "आज मैले सर्वज्ञ भगवान् बुद्धको आज्ञा अनुसार पञ्चशील वा अष्टशील पालन गर्छु" भनी प्रतिज्ञा गरिदियो भने शील ग्रहणको काम पूरा हुनेछ। भिक्षु समक्ष नै शील प्रार्थना गर्नुपर्छ भन्ने कर छैन।

## त्रिरत्न वन्दना

प्रत्येक बौद्धको यो कर्तव्य हो कि प्रातः (बिहान) एवं संध्याको समयमा त्रिरत्न वन्दना गर्ने। बुद्ध धर्म संघलाई त्रिरत्न भन्दछन्। त्रिरत्न गुण स्मरण गरी वन्दना गरेको खण्डमा चित्त शान्त



Downloaded from http://dhamma.digital/

रहन्छ । मानसिक सन्तोष प्राप्त हुन्छ र त्रिरत्न स्मरणद्वारा पुण्य (धर्म) लाभ हुन्छ ।

## बुद्ध वन्दना

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

इतिपि सो भगवा अरहं सम्मा सम्बुद्धो, विज्जा चरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवाति

नमो तस्स सम्मा सम्बुद्धस्स

ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता,
पच्चुप्पन्ना च ये बुद्धा अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं
एतेन सच्च वज्जेन होतु मे जयमङ्गलं
उत्तमङ्गेन वन्देहं पादपंसु वरुत्तमं
बुद्धे यो खलितो दोसो बुद्धो खमतु तं ममं
बुद्धं जीवित परियन्तं सरणं गच्छामि

भावार्थ– उनै भगवान् अर्हत सम्यक् सम्बुद्ध-लाई नमस्कार ।

उनै भगवान् अर्हत हुन् सम्यक् सम्बुद्ध हुन्, विद्या र आचरले सम्पन्न भएका हुन्, निर्वाण मार्गमा



Downloaded from http://dhamma.digital/

जानु भएका हुन्, लोक ज्ञाता हुन्, दमनीय पुरुषहरू-लाई अनुत्तर हुनु भएका धर्म सारथी हुन् । मनुष्य मात्रै होइन देवी देवताहरूको शास्ता गुरु हुन्, बोध हुनु भएका बुद्ध हुन्, भगवान् हुन् । यस्ता सम्यक् सम्बुध्दलाई नमस्कार छ ।

पहिले भइसकेका बुद्धहरूलाई, पछि हुने बुद्धहरूलाई र अहिले भएका बुद्धहरूलाई पनि म सदा सर्वदा वन्दना गर्छु ।

बुद्ध बाहेक मेरो शरण अरू कुनै छैन, यही उत्तम शरण हो । यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् ।

वहाँको पाउले टेकेको ठाउँको धुलोलाई पनि श्रेष्ठोत्तम सम्झी शिरले वन्दना गर्छु । यदि मैले बुद्धप्रति अपराध गरेको रहेछु भने बुद्धले मलाई क्षमा दिनु होला ।

आजीवन म बुद्धको शरणमा जान्छु ।

धर्म वन्दना

स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूही ति



Downloaded from http://dhamma.digital/

## नमोतस्स निय्यानिकस्स धम्मस्स

ये च धम्मा अतीता च ये च धम्मा अनागता,
पच्चुप्पन्ना च ये धम्मा अहं वन्दामि सब्बदा,
नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं,
एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं,
उत्तमङ्गेन वन्देहं धम्मञ्च दुविधंवरं,
धम्मे यो खलितोदोसो, धम्मो खमतु तं ममं,
धम्मं जीवित परियन्तं, सरणं गच्छामि !

भावार्थ– भगवान्ले यो धर्मलाई पद-व्यञ्जन राम्रोसँग मिलाइ बताउनु भएको छ, यही लोकमा फलदायी हुने धर्म हो । यसबारे यहाँ आऊ हेर । परीक्षा गर ! भनी भन्न सकिन्छ । माथि पुऱ्याइ दिने धर्म यही हो । जस्तो सुकै बुद्धिमानले पनि आफूले साक्षात्कार गरी अवबोध गर्नुपर्ने धर्म हो । यो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार छ ।

पहिले भइसकेको धर्मलाई, पछि हुने धर्मलाई र अहिले भएको धर्मलाई पनि सदा सर्वदा वन्दना गर्छु ।

धर्म बाहेक मेरो अरू कुनै शरण छैन यो धर्म नै उत्तम शरण हो ।



Downloaded from http://dhamma.digital/

यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् ! दुई प्रकारले उत्तम धर्मलाई म शिरले वन्दना गर्छु ।

यस धर्मप्रति म बाट केही अपराध भए त्यसमा धर्मले मलाई क्षमा देओस् ।

जीवन रहुन्जेलसम्म म धर्मको शरणमा जान्छु ।

## संघ वन्दना

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

नमो तस्स अट्ठारिय पुग्गल महासङ्घस्स

ये च संघा अतीता च, ये च सङ्घा अनागता ।
पच्चुप्पन्ना च ये सङ्घा, अहं वन्दामि सब्बदा ।।
नत्थि मे सरणं अञ्ञं, सङ्घो मे सरणं वरं ।
एतेन सच्च वज्जेन, होतु मे जय-मङ्गलं ।।
उत्तमङ्गेन वन्देहं, सङ्घञ्च तिविधुत्तमं ।
सङ्घे यो खलितो दोसो, संघो, खमतु तं ममं ।।

संघं जीवित परियन्तं सरणं गच्छामि



Downloaded from http://dhamma.digital/

भावार्थ– भगवानको श्रावक संघ सुमार्गमा गएका छन् । सीधा बाटो जान्छन् । निर्वाण(न्याय) मार्गमा जान्छन् । आदरपूर्वक धर्माचरण गर्छन् । यी नै चार जना पुरुषहरू हुन् आठ जना व्यक्ति हुन्, यिनीहरूजस्ता भगवानका श्रावक हुन्, आदरनीय हुन्, माननीय हुन्, दान दिन योग्य हुन्, नमस्कार गर्नु योग्य हुन् लोक बासीहरूको निमित्त अपरिमित पुण्य क्षेत्र हुन् । त्यस्तो अष्ट पुद्‌गल महासंघलाई र पहिले भइसकेको सङ्घलाई, पछि हुने सङ्घलाई र अहिले भइरहेको सङ्घलाई पनि म सधैं वन्दना गर्छु। सङ्घ बाहेक मेरो अरू कुनै शरण छैन । उही उत्तम शरण हो । यस सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् । तीन प्रकारका उत्तम सङ्घहरूलाई म शरीरले वन्दना गर्छु । यदि सङ्घप्रति मेरो अपराध भएमा सङ्घले क्षमा देओस् । आजीवन म सङ्घको सरणमा जान्छु ।

## जल पूजा इत्यादि

अधिवासेतु नो भन्ते. पानीयं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥

भावार्थ– भो भगवान, भो श्रेष्ठोत्तम, तपाईं-



Downloaded from http://dhamma.digital/

लाई (पिउने) जल चढायौं । हामीप्रति अनुकम्पा गरी स्वीकार गर्नुहोस् ।

## खाद्यपदार्थ पूजा

अधिवासेतु नो भन्ते ! खज्जकं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ।।

भावार्थ- भो भगवान सास्ता, श्रेष्ठोत्तम, मिठाई र खाद्यपदार्थ चढायौं दया र अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## फलफुल पूजा

अधिवासेतु नो भन्ते ! फलानि उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ।।

भावार्थ- भो भगवान ! भो श्रेष्ठोत्तम ! तपाई लाई फलफुलहरू चढायौं हामी प्रति दया राखी स्वीकार गर्नुहोस् ।

## पुष्प पूजा

वण्ण गन्ध गुणोपेतं, एतं कुसुम सन्ततिं ।
पूजयामि मुनिन्दस्स,- सिरिपाद सरोरूहे ।।

पूजेमि बुद्धं कुसुमेन नेन,
पुञ्जेन मेतेन च होतु मोक्खं ।

पुप्फं मिलायाति यथा इदम्मे,
कायो तथा याति विनास भावं ।

भावार्थ– वर्ण र सुगन्धले युक्त भएको यो फूलले शाक्य मुनीन्द्र भगवान्को श्री चरण कमलमा पूजा गर्दछु ।

यो फूलले बुद्ध भगवान्लाई पनि पूजा गर्छु यो पुण्यले मलाई मोक्ष मिलोस् ! यो फूल सुकेर जाने जस्तै यो मेरो शरीर पनि विनाश भइ (सुकेर) जानेछ ।

## सुगन्ध धूप पूजा

गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।
पुजये पुजनेय्यानं, पूजा भाजन मुत्तमं ।।

भावार्थ– पूजा गर्न योग्य हुनुभएको पूजनीय भगवान् बुद्धलाई यो सुगन्धले युक्त भएको धूपले पूजा गर्छु ।

## प्रदीप पूजा

घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।
तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ।।



Downloaded from http://dhamma.digital/

भावार्थ– त्रिलोकमा प्रकाश हुनु भएका सम्यक् सम्बुद्धलाई अन्धकार विनाश गरिदिने प्रदीपले पूजा गर्छु ।

## चैत्य वन्दना

वन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।
सारीरिक धातु महाबोधिं, बुद्ध रूपं सकलं सदा ।।

भावार्थ– जहाँ पनि प्रतिष्ठित भएका स्तूप (चैत्य) हरूलाई र बुद्धका पवित्र धातुलाई पनि महाबोधि वृक्षलाई पनि, बुद्ध रूपलाई पनि मैले सदा वन्दना गर्छु ।

## क्षमा याचना

कायेन वाचा चित्तेन, पमादेन मया कतं ।
अच्चयं खम मे भन्ते ! भूरिपञ्ञो तथागत ।।

भावार्थ– हे भगवान् ! यदि मेरो काय, वाक र चित्तले कुनै प्रमादबस् केही भूल गरेको छ भने गम्भिराति गम्भीर प्रज्ञा भएका तपाईं बुद्धले मलाई क्षमा गर्नुहोस् ।

## आशिका

इमाय बुद्ध पूजाय, कताय सुद्ध चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।।



Downloaded from http://dhamma.digital/

इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा, सब्बेपि तुट्ठ मानसा ।।
पुरेत्वा दानसीलादि, सब्बापि दसपारमी ।
पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ।।

अर्थ---

१) शुद्ध मनले गरेको यो बुद्धपूजा द्वारा प्राप्त भएको जति पुण्य हो त्यो पुण्यको प्रभावले सो भगवानको सद्धर्म चिरस्थाइ होस् । सकल लोक पनि सुखी होस् ।

२) यो बुद्धपूजाद्वारा मलाई जति पुण्य (धर्म) प्राप्त भएको थियो, यो सबै पुण्य देखि सन्तुष्ट भई सबैले अनुमोदन गर्नु होला ।

३) दान शीलादि दसपारमिता सबै पूर्ण गरी आपनो इच्छानुसार उत्तम बोधिज्ञान प्राप्त गरी निर्वाण सुख अनुभव गरुन् ।

## धर्माचरण पूजा

इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि ।
इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि ।।
इमाय धम्मानुधम्म पटिपत्तिया संघं पूजेमि ।



Downloaded from http://dhamma.digital/

अद्धा इमाय पटिपत्तिया जाति जरा ब्याधि
मरणम्हा, परिमुच्चिस्सामि ।।

भावार्थ– यो धर्म अनुसार गरेको धर्माचरण आधारमा बुद्धलाई पूजा गर्छु ।

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा धर्मलाई पूजा गर्छु ।

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा संघलाई पूजा गर्छु ।

यो धर्माचरणानुकूल गतिविधिद्वारा म अवश्य नै जन्म जरा व्याधि मरणबाट मुक्त होऊँ ।

## प्रार्थना

इमिना पुञ्ञ कम्मेन, मामे बाल समागमो ।
सतं समागमो होतु, याव निब्बान पत्तिया ।।

इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।
इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।
इदम्मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु ।

भावार्थ– यो गरेको पुण्यको प्रभावले बाल मूर्खजनहरूसंग सतसंगत गर्न नपरोस् । निर्वाणमा नपुगुञ्जेल सम्म सत्पुरुषहरूको सतसंगत गर्न पाओस् । यो मैले गरेको पुण्यले आस्रवक्षय होस् ।

यो मैले गरेको पुण्यले निर्वाण प्राप्त होस् ।
यो मैले गरेको पुण्यले सकल सत्व प्राणीहरू सुखी होउन् ।

## ज्ञाति बन्धुहरूलाई पुण्य छोडिदिने

इदं वो ञातिनंहोतु, सुखिता होन्तु ञातयो ।

तीनपटक भन्नु

भावार्थ– यो मैले गरेको पुण्य तिम्रा ज्ञातिहरूले अनुमोदन गरुन् । यो पुण्यको प्रभावद्वारा तिनीहरूलाई सुख र शान्ति होस् ।

इदं मे ञातिनं होतु सुखिता होन्तु ञातयो ।

अर्थ- यो मैले गरेको पुण्य मेरा ज्ञातिहरूले अनुमोदन गरुन् ।

(आफ्नै जातिलाई मात्र पुण्य प्रदान गर्नु हो भने इदं मे भन्ने । सामूहिक रूपमा भन्नु हो भने माथि जस्तै इदं वो...)

## देवताहरूलाई पुण्य छोडिदिने

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।



Downloaded from http://dhamma.digital/

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल देवताहरूले अनुमोदन गरुन् जसबाट सबै सम्पत्ति सिद्ध हुनेछ ।

## सकल सत्वहरूलाई पुण्य छोडिदिने

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल सत्वहरूले अनुमोदन गरुन् । जसबाट सबै सम्पत्ति सिद्ध हुनेछ ।

## भूत प्रेतहरूलाई पुण्य छोडिदिने

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेको पुण्य सम्पत्तिलाई सकल भूतप्रेतहरूले अनुमोदन गरुन् जसबाट सबै सम्पत्ति सिद्ध हुनेछ ।



Downloaded from http://dhamma.digital/

# विषको बिरुवामा पानी दिनु हुँदैन

यो उपदेश बुद्धले किन र कसको लागि भन्नु भएको हो ? एक दिन गौतम बुद्ध वेलुवन विहारमा बस्नु भएको बेला राजा अजातशत्रुले दुष्ट देवदत्त-लाई आफ्नो गुरु मानेर भक्ति गरी हिंडेकोले (अजात-शत्रु पनि) नरक भोग गर्न जानु परेको कारणले यो उपदेश दिनु भएको हो ।

भगवान बुद्धलाई काँढाले बिजेको जत्तिकै दुःख दिई हिंड्ने दुष्ट र पापी देवदत्तप्रति श्रद्धा राखेर राजा अजातशत्रुले देवदत्तले भने जति दान दिएर गयाशीर्ष पर्वतमा विहार बनाएर त्यो पनि दानमा दिए । त्यस्ता देवदत्तको कुरा सुनेर बुद्धलाई विरोध गर्न र प्रहार गर्न धेरै सहायता दिए । उहि दुष्ट गुरु देवदत्तको हाहामा लागेर स्रोतापन्न भैसकेका आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेर पछि आफू नै विनाश भएर बस्नु पर्‍यो । त्यति मात्रै होइन, आफ्नो गुरु देवदत्त जमीन फाटेर नरकमा खसे भन्ने कुरा सुनेर आफूले पनि उसैको कुरा सुनेर आफ्नो बुबालाई



Downloaded from http://dhamma.digital/

मारेको मात्र सम्झेर आफू पनि देवदत्त जस्तै जमीनमा भासिएर जाने पो हो कि भन्ने पीरले राज्य सुख नै भोग्न नसक्ने भयो । बसी नसक्नु भयो । सुत्न पनि सकेन । उभिराख्न पनि समर्थ भएन । उसलाई त जहाँ गए पनि पृथ्वी नै फाटेर गए जस्तो हुन थाल्यो । उसको मनमा त सँधै अवीचि भन्ने नरकको ज्वाला नै आएर जिउ पोल्न थालेको जस्तो हुन थाल्यो । उसको कानले सँधै नर्कपालले बोलाएको जस्तो सुन्न थाल्यो । कुटेर पठाएको कुकुर काम्रे जस्तै उसको मन पनि भय र त्रासले थुरु थुरु काम्न थाले, उसको लागि बुद्ध बाहेक अरू कोहि सरण र भरोसा रहेन । यस्ता त्राशयुक्त मनलाई शान्त गर्न बुद्ध कहाँ नै जानु पर्छ भनी उसको मनले निर्णय गरे । तैपनि बुद्धलाई दुःख दिने देवदत्तले भने जतिकै सहायता पुऱ्याएको र बुद्धको उपासक आफ्नो बुबालाई पनि आफूले मारि सकेको हुँदा बुद्धकहाँ जाउँ भनी आँट गर्न सकेन । यसरी नै मन ताप र पश्चातापले पोलिरह्यो । त्यतिबेला कार्तिक पूर्णिमाको दिनमा राजगृहमा सबैले बत्ति बाली दिपावली मान्ने रहेछ ।

त्यो दिन राजा अजातशत्रु आफ्ना मन्त्रीगणका



Downloaded from http://dhamma.digital/

साथ आफ्नै दरबारको एक फराकिलो चौरमा बसिराखेको थियो । त्यतिकै बेला जीवक वैद्य पनि राजाको सँगै बसिराखेको थियो। गौतम बुद्ध त्यसबेला जीवक वैद्यको आम्रवनमा (आँपको बगैंचामा) बस्नु भएको थियो । जीवक वैद्य बुद्धप्रति श्रद्धा राख्ने एक बौद्ध उपासक थिए । अनि जीवक वैद्यलाई आफू नजीक बसिराखेको देखी राजा अजातशत्रुले यस्तो कल्पना गरे– "अब म यसै बसी राखेर भएन । मेरो गुरु जमीन फाटेर नरकमा पुगिसके । म पनि त्यसरी नै नरकमा जाने त होला नि । त्यसैले अब म जीवक वैद्यलाई साथमा लिएर भगवान बुद्ध कहाँ सरण जानु पऱ्यो । तर 'म बुद्धको सरणमा जान्छु' भनी सीधै भन्न पनि लाज लाग्छ । किनकि मैले मूर्ख देवदत्तलाई गुरु मानेर बुद्धलाई धेरै दुःख दिइसकें । बुद्धको मुख्य उपासक आफ्नो बुबा (बिम्बिसार) लाई पनि मारिसकें । त्यसैले मैले कसरी बुद्धकहाँ जाउँ भन्ने ? "बरू कुरो घुमाएर भन्नु पर्ला" भन्ने विचार गरी राजा अजातशत्रुले भन्यो––

"भो मन्त्रिगण ! आजको यो बेलुकिको मौसम खुब रमाइलो छ, खुब राम्रो छ । आकाशमा



Downloaded from http://dhamma.digital/

सबै नक्षत्र पूर्ण छन् (आकाशमा ताराहरू सफासँग चम्किरहेछन्) । यस्तो समयमा कुनै श्रमण वा ब्राह्मणहरू कहाँ गएर धर्मको कुरा सुनी मनमा शान्ति र आनन्द लिन पाए कति राम्रो हुँदो हो ।" भनेर कुरो उठाए ।

राजाले यति भन्नासाथ मन्त्रीहरूले आ-आफ्ना गुरुहरूको बयान गरेर राजालाई आ-आफ्ना गुरुकहाँ लग्ने योजना बनाउन थाले ।

अनि एकजना मन्त्रीले सबभन्दा पहिले पूरण कस्सप भन्ने गुरुको बयान गर्दै भने– "उहाँकहाँ जानु भए तपाईंको मन शान्त होला कि !" राजाले केहि बोल्नु भएन ।

फेरि अर्को मन्त्रीले आफ्नो गुरु मक्खलि गोसालको बयान गर्दै बिन्ति गरे– "महाराज, उहाँ कहाँ जानु भए त तपाईंलाई मनमा शान्ति होला कि ? राजा अजातशत्रु चुप लागेरै बस्नु भयो ।

फेरि अर्को मन्त्रीले भने– "महाराज, अजित केसकम्बल भन्ने गुरुकहाँ जानु भएमा त हजुरलाई प्रशस्त आराम मिल्ला कि ?" यसो भन्दा पनि राजाले केहि उत्तर दिनु भएन ।



Downloaded from http://dhamma.digital/

अर्कोले भन्यो– "महाराज पकुध कच्चायन भन्ने गुरु ठूलो महात्मा हुनुहुन्छ। त्यहाँ जानु भएमा कल्याण हुनेछ।" यो कुरा सुनेर पनि राजाको अनुहार हँसिलो भएन।

फेरि अर्कोले बिन्ति गऱ्यो– "तपाईं संजय बेलट्ठिपुत्र भन्ने गुरु कहाँ जानु पर्ला।" तैपनि राजा चुप लागेरै बस्नु भयो।

फेरि अर्कोले निगन्थनाथ पुत्रको बयान गऱ्यो उसको बयान सुनेर पनि राजाले केही बोल्नु भएन।

कसको संगत गरे शान्ति होला भनेर राजा अजातशत्रुले कुरो उठाएको नै जीवकबाट उसको गुरु भगवान बुद्धको बयान गराउन गराएको थियो। तर जीवक वैद्य चुप लागेर बसि राख्यो। अरूहरूले आ-आफ्ना गुरुका बयान गरे। वैद्यले भने राजाले सोझैं मसँग सोधे मात्रै जवाफ दिन्छु नत्र किन भनुँ भनेर चुप लागी बसि राख्यो। राजा चाहिं जीवकबाट बुद्धको बयान गर्न लगाऔं र अनि उहाँकहाँ जाउँ भनुं भन्ने विचार गरि राखेको थियो। जीवक वैद्यले केहि नबोलेकोले करबरले राजा अजातशत्रुले नै सोध्नु पऱ्यो– "हे जीवक, तिमी किन चुप लागेर



Downloaded from http://dhamma.digital/

बसिराखेको ? अरूहरूले आ-आपना गुरुहरूको वर्णन गरे, के तिम्रो कोही गुरु छैन र ?

अनि मात्र जीवक वैद्य उठेर आफ्नो आम्रवन-तर्फ फर्केर बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि भनेर ३ पल्ट वन्दना गरी हात जोडी बिन्ती गरी अरहं आदि बुद्धका ६ गुणहरू, बुद्धले राम्ररी उपदेश गर्नु भएको धर्ममा ६ गुणहरू, सुपटिपन्न आदि संघका ९ गुणहरू बयान गरेर उहाँ क्लेशको आगो निभिसकेको बुद्ध कहाँ तपाईं सरण जानु भएमा शान्ति र आनन्द पाउनु हुनेछ । उहाँको दर्शनले नै मन हलुङ्गो हुन्छ । उहाँको धर्म उपदेश र शिक्षाले आनन्द र सुख पाउनु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । हाल उहाँ मेरै आम्रवनमा २५० भिक्षुहरू सहित बस्नु भएको छ भनेर बिन्ति चढाए ।

वैद्यबाट यति कुरा सुनेर मात्रै राजाको मुख उज्यालो भयो । संतोष प्रकट गऱ्यो । हर्षित भयो । अनि राजाबाट आज्ञा भयो– "जीवक ! त्यसो भए अहिले तुरून्तै उहाँ कहाँ जाऊँ । हात्ती घोडा आदि तैयार गर ।"

वैद्यले तुरून्तै हात्ती, घोडा र महिलाहरूको

पल्टन आदि धेरै आरक्षकहरूको बन्दोवस्त मिलाइ दिए । हात्ती चढी थुप्रै परिवार सहित राजा जीवक वैद्यको आम्रवनमा सवारी भयो ।

त्यहाँ २५० भिक्षुहरू निश्चल र निशब्द भएर शान्तपूर्वक बुद्धको धर्म उपदेश सुनिराखेको देखेर राजा आश्चर्य भएर भन्नु भयो– "अहो ! यो त हिउँदको शान्त समुद्रमा ठूलो जहाज रोकि राखेको जस्तै छ ।" गौतम बुद्ध शान्तपूर्वक बसिराख्नु भएको देखेर राजाको मनमा धेरै आनन्द भएको कुरा प्रकट गर्नु भयो । यतिाक मान्छेहरू यसरी चुप लागेर निश्चल भै बसिराखेको मैले कहिल्यै देखेको छैन भन्ने मनमा राखेर श्रद्धा उत्पन्न गरी हात जोडेर एकातिर बस्नु भयो । त्यसपछि राजा अजातशत्रुले भगवान बुद्धसँग सामान्य फल सूत्रको कुरा सोध्नु भयो । अनि बुद्धले दुईवटा परिच्छेद सहितको सामान्यफल सूत्र व्याख्या गरेर सुनाउनु भयो । उपदेश सुनेर राजाको मन हलुङ्गो भयो र हर्षित भएर बुद्धको सरणमा गई वन्दना गरेर बुद्धलाई परिक्रमा गरी आफ्नो दरवारमा फर्कनु भयो ।

अनि बुद्धले भिक्षुहरूलाई बोलाएर यसो भन्नु



Downloaded from http://dhamma.digital/

भयो– "भिक्षुहरू, राजा अजातशत्रुले आफ्नो खाल्डो आफैंले खने अथवा आफ्नो खुट्टामा आफैंले बञ्चरोले हाने। आफ्नो मार्गफल ज्ञानलाई आफैंले नष्ट गरि दियो। दुष्टहरूको संगत गरेकोले अथवा बिषको बिरुवामा पानी दिएकोले उसको अमूल्य जीवन नाश भयो। कलङ्कित भयो। यदि राजा अजातशत्रुले राज्यको लोभमा परेर आफ्नो बुबा धर्मराज बिम्बि-सारलाई हत्या नगरेको भए भर्खरै उसलाई सुनाएको सामान्य फलसूत्र कथाको अन्तमा क्लेश रहित भै स्रोतापत्ति मार्गरूपि आँखा खुल्ने थियो। भन्नाको मतलब स्रोतापत्ति मार्गज्ञान उत्पत्ति हुने थियो। तर के गर्ने? मूर्ख देवदत्तको सरणमा गएर उसको कुरा सुनी आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेको हुनाले जसरी काटिसकेको ताडको रूख फेरि पलाउँदैन त्यसरी नै स्रोतापत्ति मार्ग ज्ञानले रहित भै दुःखले मुक्त हुन नसक्ने भएर बस्नु पर्‍यो। यसरी विषको बिरुवामा पानी दियो भने आफूलाई पनि हानि हुन्छ, अरूलाई पनि हानि हुन्छ।" यसो भन्नु भएपछि उहाँले पहिले पहिले घटिसकेको आफूले खनेको खाल्डोमा आफै खसेको घटना (कथा) सुनाउनु भयो।



Downloaded from http://dhamma.digital/

पहिले पहिले वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य चलाइ राखेको वेलामा बोधिसत्व एक धनी ब्राह्मण कुलमा जन्म लिएर ठूलो भैसकेपछि तक्षशीलामा दिशापामोक्ष गुरुकहाँ गई सबै विद्यामा पारंगत भएर आई वाराणसी देशको दिसापामोक्ष गुरु भएर ५०० कुमारहरूलाई विद्या सिकाइ राखे। ती विद्यार्थीहरूमा संजीव भन्ने विद्यार्थी कुमार एक जना पनि रहेछ। त्यो कुमारले मरेकोलाई जिलाउने मन्त्र सिक्यो, तर उसलाई फेरि मार्ने (हटाउने) मन्त्र सिकाएन। एकदिन ऊ अरू साथीहरूसँगै जङ्गलमा गएर दाउरा लिन गएको बेलामा त्यहाँ एउटा मरेको बाघ देख्यो। अनि उसले साथीहरूलाई फूर्ति लाएर भन्यो– "साथी हो मैले मरेकोलाई जिलाउने विद्या सिकिसकें। ऊ त्यो मरेको बाघलाई म फेरि जिलाई दिन सक्छु।" अनि साथीहरूलाई पत्यार नलागेर सोधे– "मरेकोलाई पनि जिलाउन सकिन्छ र? हुनै नसक्ने कुरो गरिराख्छ।"

यो सुनेर संजीवले "लौ नपत्याए हेर" भनेर बाघको अगाडि बसेर मन्त्र पढ्यो। साथीहरू चुप-लागेर हेरि राखे। उसले मन्त्र पढ्दा पढ्दैमा बाघ



Downloaded from http://dhamma.digital/

चलमलाउन थाल्यो । त्यति हुनासाथ साथीहरू सबै भागे । संजीवले मन्त्र पढि नै राख्यो । बाघ बाँचेर उठ्नासाथै त्यही मन्त्र पढ्नेको घाँटी पक्रेर रगत खाई मारि दियो । संजीव त्यहीं मऱ्यो । भएको घटना सबै हेरेर दाउरा लिई अरू विद्यार्थीहरू गुरुकहाँ फर्केर भएको कुरा सबै सुनाए । अनि बोधिसत्व गुरुले दुष्टहरूको उपकार गर्नु नै विनाशको मूल कारण हो भन्नु हुँदै विषको बिरुवामा पानी दिनु हुँदैन, पानी दिए पछि अवश्यै सप्रनेछ, तर पानी दिनु अगाडि विषको बोट हो कि अमृतको बोट हो भनेर विचार गरेर मात्रै पानी दिनु पर्दछ, अर्थात् विचार गरेर मात्रै सहायता र मद्दत दिनु पर्दछ भनेर उपदेश दिनु भयो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# एउटा रूख अमिलो हुँदैमा वनै अमिलो हुँदैन

धेरैंजसो मान्छेहरूको एकजना खराब हुँदैमा सबैलाई नै खराब ठान्ने चलन छ । खराब असल छुट्याउन सक्नेहरू साह्रै कम छन् । कोहि चाहिं एकजना असल हुँदैमा सबैलाई असल ठान्दछन् । साँच्चै भनौं भने यसरी बुद्धि नै नपुऱ्याइकन काम गर्नु वा विश्वास गर्नु नै मूर्खता हो । विवेक विचार नहुने मानिसहरूले आफ्नो जीवनमा बरोबर धोका खाइरहेका छन् । त्यसैले सँधै विचार पुऱ्याई काम गर्नु पर्दछ । यो कुरा बुझाउनको लागि म एउटा कथा सुनाउँछु जुन कि हामीले सँधै सम्झिराख्न योग्य छ ।

पहिले पहिलेको कुरो हो । वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य चलाइराखेको थियो । थुप्रै प्रकारका पीरहरूले गरेर राजाको मनमा सन्ताप भइरहेको थियो । यसरी पीर र चिन्ताले दिक्क भएर राजा झ्यालमा बसी राखेको बेला एकजना क्लेशबाट मुक्त भैसकेको प्रत्येक बुद्ध हिमालयबाट नुनिलो,



Downloaded from http://dhamma.digital/

अमिलो, पीरो स्वाद लिनको लागि राजदरवारको मुनि भिक्षाटन आईराख्नु भएको थियो। दिक्क भएर झ्यालमा बसिराखेको राजाले उक्त क्लेशरहित प्रत्येक बुद्धको दर्शन गर्नासाथै राजाको मन हलुङ्गो भयो र पीर हटेर जीउ नै शीतल भयो।

जसरी घामले वा आगोले पोलेको मान्छेले सफा र निर्मल पानी भएको पोखरी देख्दा खेरी आनन्द हुने हो; त्यस्तै क्लेशले गर्दा पीर भैरहेको राजालाई क्लेशरहित उक्त प्रत्येक बुद्धलाई देख्नासाथ मन शीतल र आनन्द भयो। त्यसँले राजाको मनमा उक्त प्रत्येक बुद्ध उपर श्रद्धा उत्पन्न भयो। यति हुना-साथ राजाले एकजना नोकरलाई पठाएर प्रत्येक बुद्धलाई निमन्त्रणा गर्न पठाए। निमन्त्रणा स्वीकार गरेर उहाँ राजाको दरवारमा पाल्नु भयो।

अनि राजाले आफूलाई भनेर ल्याइराखेको भोजन प्रत्येक बुद्धलाई दान दियो। प्रत्येक बुद्धले भोजन लिएर राजदरवारबाट बाहिर निस्कनुभयो र एउटा पाटीमा बसेर भोजन गर्नुभयो।

त्यस पाटीमा लोग्ने स्वास्नी दुईजना माग्नेहरू पनि बसेका रहेछन्। प्रत्येक बुद्धले खाइराख्नु भएको



Downloaded from http://dhamma.digital/

भोजनको बास सुँघेर उनीहरूलाई पनि लोभ लाग्यो । उनीहरूको मुखबाट र्‍याल चुहियो । बसी नसक्नु भएर उनीहरू प्रत्येक बुद्ध कहाँ गएर "हामीलाई पनि त्यो भोजन अलिकति दिनुस् न" भनी माग्न गए । उनीहरू उपर दया लागेर प्रत्येक बुद्धले केही भोजन बाँकि राखिदिए । माग्नेहरूले त्यस्तो राजाको खाना खान पाउँदा कति मीठो छ भन्ने कुराको बयानै गर्न सकेन; खानासाथ जीउ नै जाडोमा मकल तापे जस्तै हलुङ्गो भयो । ती माग्नेहरूले प्रत्येक बुद्धसँग सोधे–

"भन्ते, यो भोजन त साह्रै मीठो छ नि, कहाँबाट पाउनु भएको ?"

प्रत्येक बुद्धले कुरा नलुकाई भन्नुभयो– "दरबारमा बोलाई राजा आफैंले दान दिएर पठाएको ।" यति भनेर प्रत्येक बुद्ध हिमालय मै फर्कनु भयो । उहाँ वर्षमा एक पटक मात्रै नुनिलो, अमिलो र पीरो स्वाद लिनको लागि हिमालयबाट तल देशमा झर्ने गर्नुहुन्थ्यो । अरू बेला सँधै हिमालयको गुफा मै बस्ने गर्नुहुन्थ्यो ।

यता ती माग्ने दम्पतीहरूलाई राजाको भोजन मात्रै खाउँ खाउँ लागिरह्यो । के गरेमा एक पटक



Downloaded from http://dhamma.digital/

फेरि त्यस्तो राजाको भोजन खान पाउने हो भनी कल्पनामा डुबे। यसरी विचार गरे– "राजाले आफ्नो भोजन सबैलाई दान दिने त पक्कै पनि होइन होला। उहि चीवरधारी श्रमण भिक्षुहरूलाई मात्र दिने त होला नि !"

"हामी माग्ने नै भएर राजा कहाँ गए राजाको भोजन दानमा लिन सक्ने छैनौं। त्यसैले म चाँहि प्रत्येक बुद्धको जस्तै पहेंलो वस्त्र लगाई दरबारमा भिक्षा माग्न जान्छु तिमी यहिं बसिराख्नु" भनी स्वास्नी चाँहिलाई पाटी मै छाडेर लोग्ने चाँहि आफू एक्लै पहेंलो वस्त्र लगाएर सरासर दरवारमा गएर भिक्षा माग्न गयो। राजाले पहिलेकै प्रत्येक बुद्ध आउनु भयो होला भन्ठानेर पहिले झैं श्रद्धा भक्ति राखेर आफूले खान लागेको भोजन नै दान दिई पठाए।

अनि राजाको मनमा यस्तो पनि विचार आयो, "उहाँ कहाँ बस्नुहुने हो एकपल्ट थाहा पाउन पाए हुन्थ्यो।" यस्तो विचार गरेर आफ्नो छोरो युवराज र बोधिसत्व मन्त्री दुवैलाई बोलाएर भने– "भो युवराज र मन्त्री ! भर्खर भिक्षाटनमा आउनु



Downloaded from http://dhamma.digital/

भएको उहाँ को हुनुहुन्छ, कहाँ बस्नुहुन्छ, एक पटक हेरेर श्राउ" भनेर पठाए। उनीहरू त्यो भिक्षुको भेषमा श्राएको माग्नेको पछि पछि थाहा नपाउने गरी लागे। जब पाटीमा पुग्यो त्यो माग्नेको स्वास्नी चाहिं दौडेर श्राई लोग्नेको हातमा रहेको भिक्षा पात्र लिन श्राई। स्वास्नीलाई पात्र सुम्पेर श्राफू पाटीनिर पुग्नासाथ चीवर फुकालेर पाटीमा गई श्राफ्नो माग्ने लुगा लगाई लोग्ने स्वास्नी दुवैले राजाले दानमा दिएर ल्याएको भोजन खुब मज्जासँग खाए।

श्रनि ती पिछा गरेर श्राइरहेका युवराज र मन्त्री दुवैले यो जम्मै देखेर श्राश्चर्य भई फर्केर श्राइ राखेको वेला परस्पर कुरा भयो। "श्रब हामीले राजालाई के भनेर भन्ने ?"

राजकुमारले भने– "उ एकजना ठग माग्ने रहेछ भन्ने नि।"

श्रनि मन्त्रीले भने– "राजकुमार! राजालाई सत्य कुरा भन्नु मनासिब हुँदैन। किनकि हाम्रो राजाले कति ठूलो श्रद्धा राखेर श्राफ्नो खाना नै दान दिनुभयो। पवित्र व्यक्ति भन्ठानेर राजाले श्रसल चेतनाबाट दान दिएकोले उहाँको पुण्य प्राप्त गरि



Downloaded from http://dhamma.digital/

हालि सक्यो । अब गएर हामीले त्यो व्यक्ति पवित्र होइन फलाना पाटीमा बस्ने भिक्षुको भेष लिएर आएको भनेपछि कत्रो श्रद्धाले दान दिएर पुण्य कमाएको र मनमा आनन्द लिइराखेको राजालाई धक्का पर्नेछ, चोट पर्नेछ र श्रद्धा बिग्रनेछ । त्यसैले हामीले आफू झुट्टामा पनि नपर्ने गरी र राजाको मन पनि नबिग्रने गरी कुरो सुनाउनु पर्ला ।" राजकुमार पनि हुन्छ भनेर चूप लागेर बस्यो ।

मन्त्रीले भन्यो– "राजकुमार ! त्यसो भए राजालाई हामीले सल्लाह गरे अनुसार भन्छु, तपाईं नबोलिदिनुस् ।" यति भनेर सरासर राजाकहाँ गए ।

अनि राजाले सोधे– "उहाँ महात्मा कहाँ बस्नु हुँदो रहेछ त ?"

मन्त्रीले भने– "महाराज ! हामी उक्त महात्माको पछि पछि लागिरहेको बेला परको एउटा पाटीमा पुगें । त्यस पाटीको नजीकै पुगेपछि उक्त पहेंलो वस्त्र नै गायब भयो । यता पर्‍यो, उता पर्‍यो हामीले केही भन्न सकेन ।"

यति सुनेर राजालाई धेरै खुशी लाग्यो र भने– "धन्य ! मेरो भोजन त्यस्ता पवित्र व्यक्तिको



Downloaded from http://dhamma.digital/

हातमा पर्‍यो । तिमीहरू पछि लागेको थाहा पाएर नै उहाँ त्यहीं लोप हुनुभयो होला । मेरो भोजन असल ठाउँमा परेछ ।" राजा धेरै खुसी र आनन्द भैरहेको बेला अकस्मात् उनी बिरामी भई परलोक भयो । अन्तिम अवस्थामा पवित्र व्यक्तिलाई दान दिन पाएँ भनी हर्षले गद्गद् भई त्यही चेतनाले मरेकोले उनलाई सुगति प्राप्त भयो ।

बाबु परलोक भएपछि छोरा चाहिं राजा भए । केहि वर्षपछि फेरि साँच्चैको पवित्र प्रत्येक बुद्ध पहिलेको जस्तै राजदरवारमा भिक्षाटन आउनु भयो ।

छोरो राजाले चाहिं देख्नासाथ त्यो माग्ने फेरि भिक्षुको भेषमा आएर ठग्न आएछ भन्ठाने, एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो हुन्छ भन्ठाने, एकजना पहेंलो वस्त्र धारण गर्ने ठग देख्दैमा सबै पहेंलो वस्त्रधारीहरू ठग नै हुन्छन् भन्ठाने । त्यसैले उसले "उ त्यो भिक्षा माग्न आइराखेको ठग-लाई मर्नेगरी कुटेर पठाइदेउ" भनेर हुकुम भयो । राजाको आज्ञा सुन्नासाथ कर्मचारीहरूले गएर उहाँ-लाई खूब कुटे ।



Downloaded from http://dhamma.digital/

राजाले दरबारमा बसी हेरिराखे । प्रत्येक बुद्धले दुई–चार पटक हानेको सही नै राखे । पछि उहाँलाई धेरै तकलिफ भयो । ज्यानै जाला जस्तो भयो । अनि प्रत्येक बुद्धले "यहाँ यसरी बसेर भएन" भन्ने विचार गरेर आफ्नो समाधिको शक्तिबाट ऋद्धि उत्पन्न गरेर आकाशबाट उडेर हिमालयतर्फ जानुभयो । राजाले हेरि नै रहे । उहाँ ऋद्धि बलले उडेर जानु भएको देखेर आफूले विवेक बुद्धि नलगाई एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो हुन्छ भन्ठानेर एक जना नक्कली चीवरधारी भिक्षु देख्दैमा सबै नक्कली नै हुन्छन् भन्ठानेर कुट्न लगाएको त त्यत्रो ठूलो महा-पुरुषप्रति अपराध पो गर्न पुगें भनी राजाको मनमा ठूलो अशान्ति र डाहा भयो । पश्चातापको आगोले पोलेर राजा उहिदिन मरे र नर्कमा गएर धेरै दुःख भोग गर्न जानु पऱ्यो ।

त्यसैले एकजना खराब हुँदैमा सबैलाई खराब सम्झनु हुँदैन । फेरि एक जना असल हुँदैमा सबैलाई असल सम्झनु हुँदैन । त्यसैले विवेक बुद्धि पुऱ्याई काम गर्नुपर्छ भन्ने अर्थमा एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो ठान्न हुँदैन भन्ने उखान बन्न गएको हो ।



Downloaded from http://dhamma.digital/

# ठूलोपन देखाउनु हुँदैन

ठूलोपन देखाउनु हुन्न रे । किनकि पछि ठूलो दुःख भोग्नु पर्ला । ठूलोपन देखाउनु भन्नु नै नजान्नेहरूले केही जानेमा, नहुनेहरूसँग केही पैसा र घर भएमा हुने अभिमान हो । तर यो सबैलाई हुने त होइन । होश नहुनेहरू र खराब विचार हुनेहरू र अनि बुद्धिहीनहरूसँग मात्रै ठूलोपना देखा पर्दछ । त्यसैले हामी कहाँ एउटा अर्को उखान पनि छ– 'नमच्चिने पिङ्को सय झड्को' । साँच्चै विवेक बुद्धि हुनेहरू अभिमानले गमक्क हुँदैन । नमच्चिने पिङ्ले झड्का खुवाए जस्तै ठूलो हुँदैमा केही गर्न सक्दैन । त्यसैले धन बढ्दै गए पनि विवेक बुद्धि भएमा ठूलोपना आउँदैन । बडप्पन देखाउनु नै पतनको कारण हो । यो कुरा बुझाउनलाई एउटा कथा अगाडि राख्छु–

पहिले पहिले विदेह राष्ट्रको मिथिलामा विदेह भन्ने राजाले राज्य चलाइराखेको थियो । त्यसबेला बोधिसत्वले उही विदेह राजाका अग्रमहा रानीको कोखमा जन्म लिए । ठूलो भैसकेपछि त्यो



Downloaded from http://dhamma.digital/

राजकुमार दिसापामोक्ष गुरुकहाँ गई धेरै शास्त्र विद्यामा पारंगत भै आफ्नो देशमा विदेह राजा भए। राजा भएता पनि कुनै कुनै दिन चार आठ घोडे बग्गीमा बसी देशमा घुम्न आउने गर्थ्यो। देशवासी-हरूले धेरै भक्तिभावका साथ स्वागत सत्कार गरेर उत्सव मनाउने गर्दथे। त्यतिवेला विदेह देशको एक जङ्गलमा थुप्रै स्वर्णहंस (सुनका हाँसहरू) बस्थे। त्यहाँ बस्ने स्वर्णहंसराजको आफ्नै स्वर्णहंसनी स्वास्नी र दुइटा छोरा हुँदा हुँदै पनि देश (शहर) मा बस्ने काग एउटीसंग प्रेम र सम्भोग गरेर काग जस्तो पनि नदेखिने हंसराज जस्तो पनि नदेखिने एउटा खच्चर छोरो जन्मेछ। त्यसलाई विनिलक भन्ने नामाकरण गरे। त्यो सुवर्ण राजहंस त्यही काग पट्टिबाट जन्मेको खच्चर विनिलकको मायाले गर्दा बरोबर शहरमा जाने गर्दथ्यो। यसरी बुबा हंसराज बरोबर शहरमा जाने थाहा पाएर हाँसका छोराहरूले भने– "बुबा ! किन तपाईं बरोबर मान्छेहरू धेरै भएको शहरमा जानु हुन्छ ? चाहदै नचाहिकन त्यसरी बरोबर जानु हुँदैन। साह्रै खराब मान्छेहरू पनि हुन्छन्। ती खराब मान्छेहरूले देखेमा तपाईंलाई पनि दुःख दिनेछन्।"



Downloaded from http://dhamma.digital/

छोराहरूले रोके पछि बाबु चाहिं सुवर्ण हंसलाई अप्ठ्यारो परेको हुनाले आफ्नो मनको कुरा पोखे– "हो शहरमा बस्ने एउटी कागसँग मैले सहवास गरें। उसबाट एउटा छोरो पाएँ। उही छोरोको मायाले म बरोबर शहर जाने गर्दछु।"

अनि छोराहरूले भने– "त्यसो भए तपाईंको त्यो काग–पुत्र यहिं ल्याइदिनेछौं। उ कहाँ छ, ठाउँ मात्रै भनिदिनुहोस्।" ठेगाना सोधी बाबुको सुरक्षाका लागि र इच्छा पूर्तिको लागि काग कान्छीआमा र छोरो भएको ठाउँमा गई काग कान्छीआमासँग काग भाइलाई मागेर एउटा फराकिलो बाँसको फल्याक ल्याई त्यसमा विनिलकलाई बसाली सुवर्णहंस दुई दाजु भाइले बाँसको दुवैतर्फ पक्री सरासर आकाश मार्गबाट उडेर आइराखेको बेलामा उनीहरू देशको माथि पुगे।

त्यतिकै बेलामा मिथिला देशको विदेह राजा पनि सेतो घोडाले तानेको रथमा बसी उत्सव गरी आइराखेको त्यो कागले देखेछ। अनि उसको मनमा अभिमान उठेछ। अनि उसले भनें– "भो विदेह राजा, तिमी र ममा केही फरक छैन। म पनि भाग्यमानि छु, तिमी पनि भाग्यमानि छौ। तिमी



Downloaded from http://dhamma.digital/

सेतो घोडाले तानेको बग्गीमा बसेर जमीनको मार्ग-बाट जाँदैछौ; म सुवर्ण हंसराजहरूले तान्न लगाई आकाशको मार्गबाट आउँदै छु ।" यसरी कागले अभिमान गरेको देखेर हंसराजहरूलाई रीस उठ्यो । त्यहिं बाटो मै खसालीदिउँकी भन्ने पनि मनमा उठ्यो । तैपनि बुबाको इच्छा पूरा गर्ने वचनले गर्दा सहेर बोकेर ल्याई बुबाको अगाडि राखेर त्यो खच्चर कागले बाटोमा फुर्ति गरेको बुबा चाहिंलाई सुनाए ।

यो कुरा सुनेर बुबा हंसराजलाई धेरै चित्त दुखेछ । मेरो आफ्नै भूलले गरेर सानोजातको कागसँग सहवास गरिसकें । त्यसैले यो सानो जातको कागले मेरो हंसजातका छोराहरूलाई नोकर जस्तै गरेर अपमान गऱ्यो । यो ठूलो बन्न खोज्ने कुबुद्धिलाई ठूलो बनाउन हुँदैन भन्ने विचार गरी हंस छोराहरूलाई भने– "लौ छोराहरू, यो ठूलोपन देखाउनु पर्ने कागको बच्चालाई यहाँ राखेर ठीक हुँदैन । तिमीहरू गएर यो कागलाई फेरि यसको आमा कहाँ नै राख्न लग ।" भनी पठाए। कागको बच्चा कागै रह्यो । हंसराजहरूको समूहमा बस्न पाएन । ठूलो पन देखाएमा त्यो ठूलो ठाउँबाट खस्नेछ । त्यसैले ठूलोपन देखाउनु हुँदैन ।



Downloaded from http://dhamma.digital/

# कंचुस बन्नु हुँदैन

कंचुस बन्नु पनि एउटा विनाशको कारण हो। कंचुस बन्नु भन्नु नै आफूलाई खानेकुरा वा अरू कुनै कुरा प्राप्त हुँदाखेरि अरूलाई पनि बाँड्नु पर्ला भनेर बाँडेर दिन र खवाउन नपर्ने उपाय गर्नुलाई नै कंचुस बन्नु भनिन्छ। त्यतिमात्रै होइन, लेखपढ गर्न नजानेसम्म आमा, बाबु, दाइ, दिदी, गुरु साथीहरूको सहायता लिएर पढी, पास गरी सकेपछि काम गरेर पैसा कमाएपछि पहिले आफूलाई गुण गर्नेहरूलाई खवाउनु पर्ला भनेर अलग्गै बस्न जानु, निहुँ खोजेर झगडा गर्नु यी पनि कंचुसी कै लक्षण हुन्। यसरी कंचुस हुनाले जीवनमा आफूले नै धोका खानु पर्ला, आफैलाई नै हानिहुन्छ भन्ने कुरा बुझाउनाको लागि पहिले घटिसकेको एउटा कथा सुनाउँछु---

पहिले पहिले वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य चलाइराखेको बेलामा बोधिसत्व एउटा जङ्गलमा वृक्ष देवता भएर जन्मनु भयो। त्यति बेला एउटा गाउँमा माछा मारेर जीविका चलाइराख्नेहरू



Downloaded from http://dhamma.digital/

पनि बस्दथे । त्यहाँ जसले माछा मारेर ल्याएपनि सबैले बाँडिचुँडि खाने चलन थियो । एकदिन एउटा कंचुसले माछा मार्न गयो । जाल नदीमा फाल्नासाथ तलसम्म गई एउटा रूखको हाँगामा अड्किनाले तानेर तानिनसक्नु भएछ । अनि त्यो कंचुसले विचार गरेछ, पक्कै पनि जालमा ठूलै माछा परेछ । यो माछा गाउँमा लगेमा अरूलाई पनि बाँड्नु पर्ला किनकि अरूहरूको पालोमा पनि मैले बाँडेर लिई खाइसकें । अब यो ठूलो माछा सबैलाई बाँडेर ख्वाउन नपर्ने गर्न-लाई के उपाय गर्नुपर्ला, भनेर उसले विचार गऱ्यो ।

अनि सँगै आएको छोरालाई बोलाएर भन्यो— "हेर छोरा, तँ चाँडै दौडेर घर गई आमालाई भनि-देउ कि हामीले एउटा ठूलो माछा पाउने भो । त्यसैले त्यो माछा घर ल्याउँदा अरूलाई बाँडेर ख्वाउनु नपर्ने गर्नलाई तेरो आमालाई गाउँका सबैसँग झगडा गरेर हाम्रो घरमा कोहि पनि आउन मन नपराउने र हामीसँग बोल्न आउन मन नपराउने गरिराख भनिदेउ ।" यसो भनेर छोरोलाई घर पठाए ।

स्वास्नी चाहिं पनि कोहीभन्दा कम्ति थिएन । साँच्चै उनी त लोग्नेले भनेर ल्याए जस्तै गाउँले



Downloaded from http://dhamma.digital/

हरूको घर घरमा गई भए नभएको निहुँ खोजेर गाउँलेहरूसँग झगडा गरी बोल्न नपर्ने बनाइदियो । हुँदै नभएको कुरो लाएर चोर आदि ठह-याई अरूसँग झगडा गरिरहेकी देखेर गाउँको मुखियाले उनलाई दण्ड स्वरूप थुनिदियो ।

उता लोग्ने चाहिं ठूलो माछा पर्‍यो भनेर जाल तान्दा तान्दै नदीमा खसेर त्यहिं रूखमा ठक्कर खाई आँखा गुमाई अन्धो भएर त्यहिं बसी रोइराखे ।

छोरो चाहिं आफ्नो आमा आपत्तिमा परेको कुरो सुनाउन भनेर बाबु चाहिं कहाँ आउँदा खेरी बाबुको दुःख र आपत देखेर दौडेर गई गाउँलेहरू सँग गुहार माग्न गयो । तर के गर्ने ? कंचुस बनेर अरूलाई पनि बाँडि दिनु पर्ला भनेर सबैसँग झगडा गरी सबैलाई शत्रु बनाई राखि सक्यो । कहाँको गुहार ? त्यो कंचुस नदीमै त्यसै मर्‍यो । त्यसले आफू सँग भएको कुरा आफैं मात्र खान्छु भनेर लोभी बन्यो भने यसरी नै दुःख हुन्छ । उखान पनि छ कि 'एक हातले ताली बज्दैन' । त्यसैले कंचुस भई आफ्नो दिने पालोमा झगडा गर्नु हुँदैन । झगडा गर्‍यो भने आफ्नो विनाश हुनेछ ।

☸



Downloaded from http://dhamma.digital/

# स्वार्थी बन्नु हुँदैन

मानिसहरू बढी स्वार्थी बन्नु हुँदैन स्वार्थ पूरा गर्न खोजेमा एकातिरबाट नाफा भए जस्तो देखिएता पनि अर्कोतिरबाट नाश गराएर बस्नु पर्ने हुनसक्छ । त्यसैले स्वार्थ पूरा गर्नमा मात्रै पनि लाग्नु हुँदैन । आफ्नो स्वार्थमात्रै पूरा गर्न खोजेमा के हुन सक्छ भन्ने बुझाउन पहिले घटिसकेको एक कथा प्रस्तुत गर्दछु---

एकादेशमा एक जना धेरै धनाढ्य साहु थियो । उसका दुई जना छोरा थिए । उसका छोरा-हरू दुई जना दुईटै स्वभाव र तालका रहेछन् । जेठो छोरो खुब दयावान र धर्मात्मा थियो । कान्छो चाहिं खुब निर्दयी र स्वार्थी थियो । छोराहरू दुईजना दुईटै स्वभावका हुनाले बाबु चाहिंलाई आफू मरिसके पछि आफ्नो धन सम्पत्ति एकजनाले मात्रै छल गरेर लेला भन्ने पीर र चिन्ता थियो । त्यसैले जे चीज किने पनि दुई-दुईटा किन्ने गर्दथ्यो, पछि गएर स्वार्थी कान्छो भाइले राम्रो चाहिन्छ भन्ने ठाउँ नपाउने



Downloaded from http://dhamma.digital/

गरी, कसैले बढिलिन नपाउने गरी सकेसम्म मिलाएर आमा बाबु दुवै परलोक भए । छोरा दुईजना मात्रै बाँकी रह्यो ।

आमा बाबु परलोक भैसकेपछि जेठाले स्वार्थी भाइलाई चित्त बुझाउनै सकेन । त्यसरी चित्त बुझाउन नसकिने भएपछि दाजुले भाइलाई भन्यो– "भाइ, तिमीलाई मैले चित्त बुझाउन सक्दिन । म अलग्ग बस्छु, स्वार्थीहरूलाई जति दिए पनि चित्त बुझ्दैन । मलाई पनि परिवार पाल्नु छ ।" भनेर अलग्गै बस्न गयो । भएको धन सम्पत्ति, घर, जग्गा आदि सबै बाँडे । गाउँ-गाउँमा दिइराखेको ऋणको पैसा मात्रै बाँकी रह्यो । त्यसैले हामी दुवै मिलेर एकपल्ट बुबाले ऋणमा दिइराखेको पैसा उठाउन जाऔं । तिर्नसक्नेहरूले सकेसम्म साऊँ समेत दिएर ल्याउने छन् । नसक्नेहरूले ब्याज मात्र भए पनि तिर्नेछन् । अनि उठाउन बाँकी जम्मै बाँडेर आउँला तिम्रो भागमा परेको तिमी नै लिन जाउ । मेरो भागको मै लिन जान्छु । अहिले एक चोटिलाई हामी सँगै जाउँ भनेर दाजु–भाइ दुवै हिंडे । गाउँ–गाउँमा डुलेर पैसा उठाई दाजु चाहिंको रूमालमा पोको



Downloaded from http://dhamma.digital/

पारे । घर पुगेपछि बाँडेर लिउँला भनेर दाजु चाहिं ढुक्क बसे । बाटोमा खानलाई भनेर गाउँमा बस्ने नाता कुटुम्बहरूले उनीहरूलाई खाना पनि दिएर पठाए । अनि दुवै दाजुभाइ एउटा नदीको किनारमा पुगे । उनीहरूको घर जान डुङ्गामा बसेर नदी तर्नु पर्ने रहेछ । डुङ्गा थिएन । डुङ्गा नल्याए सम्मन् खाना खान सिध्याऔं भनेर खानाको पोको फुकालेर दुवैले खाए । तर भाइचाहिंले खाना निल्नै सकेन । उसको मनमा एउटै चिन्ता थियो– "कसरी त्यो दाजुले ल्याएको धनको पोको आफू एक्लैको हातमा पार्न सकिएला । दाजुले दिदा त आधी आधी दिनेछ । धन सबै आफ्नो गर्नलाई के उपाय गर्नु पर्ला ?" भनेर योजना बनाइ राख्यो । त्यही मात्रै चिन्ताले पीर लिइराख्यो । त्यसैले उसले मलाई भोक छैन दाजु भनेर यताउता केही पाइन्छ कि भनेर खोज्न गयो । त्यहाँ एकातिर माटोको घ्याम्पो एउटा फुटेको मिल्काइराखेको देखेर उसले सोच्यो– "अब चाहिं बेस हुने भयो"– त्यो घ्याम्पोको टुक्राहरूलाई पैसा जस्तै चक्का चक्का बनाई ती जम्मै पैसा पोको पारेको रूमाल जस्तै देखिने अर्को रूमालमा पोको पार्‍यो । त्यो पोको पनि पैसाको पोको जत्रो पार्‍यो अनि त्यो



Downloaded from http://dhamma.digital/

पोको आफ्नो लुगाभित्र छोपेर ल्यायो । दाजुले केही चाल पाएन ।

दाजु चाहिंले आफूले खान चाहेको जति खाई सिध्याएर बाँकी कसलाई दिउँ भनेर खोज्दा कोही माग्नेहरू नदेखेर नदिमा बस्ने माछाहरूलाई खुवाए । अनि यस्तो आशिका गऱ्यो–यी माछाहरूलाई खुवाएको पुण्य यहाँ नजीकै बस्ने देवताहरू प्रमुख सबै मानिस-हरूलाई प्राप्त होस्, यसो भनेर पुण्य अनुमोदन गरि राख्यो । पछि डुङ्गा ल्यायो । दाजुभाइ दुवै डुङ्गामा बसेर नदी तर्न थाले । नदी तर्दातर्दै दाजु चाहिंलाई निद्रा लागेछ । भाइलाई चाहिं कहिले आफूसँग भएको घ्याम्पो–टुक्राहरूको पोको राखेर पैसाको पोकोसँग बदल्न पाइएला भन्ने चिन्ताले गर्दा निद्रा लागेन । दाजुचाहिं सुतिराखेको बेलामा घ्याम्पो–टुक्राको पोको विस्तारै निकालेर पैसाको पोकोसँगै राख्यो । तर दाजु ब्यूझने पो हो कि भन्ने डरले दाजुको अनुहार हेरी हेरी पैसाको पोको भनेर लिएको त उही आफूले राखेको घ्याम्पो–टुक्राहरूको पोको नै लिएर आफ्नो लुगाको पोकोमा लुकायो । उसलाई हर्ष लाग्यो । "पैसाको पोको मेरो लुगाको पोकोभित्र



Downloaded from http://dhamma.digital/

हाली हालें । टुक्राटाक्रीको पोको दाजुको अगाडि छँदैछ दाजुले हेर्दा घ्याम्पोका टुक्राहरूमात्र देख्यो भने मलाई नै शंका गरेर मेरो लुगाको पोको फुकालेर हेर्नेछ । त्यसैले त्यो टुक्राटाक्री भएको पोको पानीमा खसाली दिनुपर्‍यो ।" भनेर डुङ्गा अलि ढल्केको बेलामा त्यो पोको खसालि दियो । अनि ऊ चिल्लाएर दाजुलाई उठाइकन भन्यो– "हेर्नोस् दाइ ! पैसाको पोको खस्यो ।" दाजुले पानीमा हेर्दा पैसाको पोको देख्यो । तैपनि पानीमा ओर्लेर पोको लिन जान सक्ने होइन । अनि भाइचाहिंलाई भन्यो– "भाइ, त्यो पैसा हाम्रो रहेनछ र खस्यो । भएको भइहाल्यो । मनमा पीर नलेउ ।" भनेर धैर्य गरेर बस भनि- राख्यो ।

भाइचाहिंले बाहिरबाट मात्रै चित्त दुःखेको जस्तो अनुहार बनाई राख्यो । भित्रबाट चाहिं दाजु- लाई छलेर पैसाको पोको आफ्नो हातमा पारिसकें । भनेर ढुक्क भई बसिराख्यो ।

आ–आफ्नो घर पुग्यो । भाइचाहि दाजुलाई छलेर पैसाको पोको हातमा पारें भनी हर्ष भएर स्वास्नीलाई "यो धनको पोको हिफाजतसाथ राख्नु" भनेर दियो ।



Downloaded from http://dhamma.digital/

पैंसाको पोकोलिने स्वास्नी चाहिंको मन स्थिर रहेन। कतिको पैंसा रहेछ, गनेर मात्रै भित्र राखुँ भन्ने विचारले पोको फुकालेर हेर्दा त पैंसाको पोको भनेर दिएको त घ्याम्पोका टुक्राहरूको पोको पो रहेछ। अनि हत्त न पत्त गई लोग्ने कहाँ भन्न गइन्— "मलाई दिनु भएको कहाँको पैंसाको पोको हो र? त्यसमा त घ्याम्पोका टुक्राहरू पो छन्।"

दाजुलाई छलौं भन्दैमा आफैं छलियो। यो कुरा दाजुलाई सुनाउनु पनि भएन। उसको मनमा झन् डाह भै राख्यो।

त्यसैले यो कथाले भनिरहेछ कि स्वार्थी बन्नु हुँदैन। स्वार्थी बनेर एकातिरबाट लाभ गर्न खोज्दैमा अर्कोतिरबाट उल्टो आफूलाई नोक्सान गराएर बस्नु पर्छ।

०



Downloaded from http://dhamma.digital/

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

# आवाहन सुत्तं

समन्ता चक्कवालेसु, अत्रा गच्छन्तु देवता ।
सद्धम्मं मुनि - राजस्स, सुणन्तु सग्ग मोक्खदं ।।
धम्मसवण - कालो, अयं भद्दन्ता ।३ पल्ट
नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।।
ये सन्ता सन्त – चित्ता, ति सरण सरणा ।
एत्थ लोकन्तरे वा, भुम्मा भुम्मा च देवा, ।।
गुण – गण गहणा, ब्यावटा सब्ब कालं ।
एते आयन्तु देवा, वर – कनक – मये, ।।
मेरू – राजे वसन्तो सन्तो सन्तोस – हेतुं, ।
मुनि – वर – वचंन सोतु – मग्गं समग्गा ।।

सब्बेसु चक्कवालेसु, यक्खा देवा च ब्रह्मणो, ।
यं अम्हेहि कतं पुञ्ञं, सब्बसम्पत्ति साधकं ।।
सब्बे तं अनुमोदित्वा, समग्ग सासने रता, ।
पमाद – रहिता होन्तु, आरक्खासु विसेसतो ।।
सासनस्स च लोकस्स, वुड्ढी भवतु सब्बदा ।
सासनम्पि च लोकञ्च, देवा रक्खन्तु सब्बदा ।।
सद्धि होन्तु सुखी सब्बे, परिवारेहि अत्तनो ।
अनीघा सुमना होन्तु, सह सब्बेहि ञातिभि ।।



Downloaded from http://dhamma.digital/

राजतो वा, चोरतो वा, मनुस्सतो वा, अमनुस्सतो वा, अग्गितो वा, उदकतो वा, पिसाचतो वा, खाणूकतो वा, कण्टकतो वा, नक्खत्ततो वा, जनपदरोगतो वा, असद्धम्मतो वा, असन्दिट्ठितो वा, असप्पुरिसतो वा, चण्ड - हत्थि - अस्स - मिग - गोण - कुकुर अहि - विच्छिका - मणि - सप्प - दीपि - अच्छ - तरच्छ - सूकुर - महिस - यक्ख - रक्खसा - दीहि नाना भयतो वा, नाना रोमतो वा, नाना उपद्दवतो वा, आरक्कं गण्हन्तु ।

आवाहन सुत्तं निट्ठितं

# आवाहन सूत्रको अर्थ

उनी भगवान अर्हत सम्यकसम्बुद्धलाई नमस्कार ।

सम्पूर्ण चक्रवालमा बस्ने देवताहरू मुनिराज तथागतले देशना गर्नु भएको स्वर्ग र मोक्ष प्राप्त हुने सद्धर्म श्रवणको निम्ति यस ठाउँमा आएर सुन्न आउनु होस् । उनी भगवान अर्हत सम्यक सम्बुद्धलाई नमस्कार । यस लोकान्तरमा शान्त भै रहेका शान्त चित्त भैरहेका त्रिशरण मई रहेका, भूमिमा रहेका,



Downloaded from http://dhamma.digital/

आकाशमा रहेका, देवताहरू फेरि सर्वदा लौकिक र लोकोत्तर गुण उपकार लाभ गर्ने आशा लिएका देवताहरू उत्तम कनकमय सुवर्णले परिपूर्ण पर्वतराज वास गर्ने सज्जन देवताहरू सन्तुष्ट हेतु भै रहेको तथागतको उत्तम धर्मोपदेश सुन्नुको निम्ति सबै मिलेर आउनु होस् । सम्पूर्ण चक्रवालमा रहेका देवताहरू, ब्रह्माहरू, यक्षहरू, सम्पूर्ण सम्पत्ति पूर्ण हुने हामीले गरेका यस पुण्यलाई अनुमोदन गरी सबै मिलेर यो शासनमा आनन्द मान्ने होऊन् । प्रमाद रहित भै विशेष गरि रक्षा गर्नु पऱ्यो ।

शासनमा र लोकमा सधैं उन्नति बृद्धि होऊन्, शासनमा र लोकलाई पनि सधैं देवताहरूले रक्षा गरुन् । सम्पूर्ण सत्व प्राणीहरू आफ्नो आफ्नो परिवार सहित सुखी होस्रोस्, सम्पूर्ण जनहरू सबै आफ्नो आफ्नो परिवार सहित दुःख वेदना रहित र हर्षित उत्साहित होऊन् ।

राज भय, चोर भय, मनुष्य भय, अमनुष्य भय, आगोको भय, पानीको भय, पिशाच भय, नदीमा गाढेका बाँसका किलाको भय, काँढाको भय, नक्षत्रको भय, गाउँ गाउँमा हुने सरुवा रोगको भय,



Downloaded from http://dhamma.digital/

असद्धर्मको भय, मिथ्यादृष्टिको भय, असत् पुरुष-हरूको भय, फेरि दुष्ट भै रहेका हाथी, घोडा, मृग, गोरु, कुकुर, कनसुत्लो, बिच्छे फणधारी सर्प, चितुवा, भालु, सुंगुर, भैंसी, यक्ष र राक्षस आदिको कारण-बाट हुने अनेक भय उपद्रवलाई नाश गरि रक्षा गर्ने कामलाई सबै देवताहरूले ग्रहण गरुन् ।

## मंगल सुत्तं

यं मङ्गलं द्वादस हि, चिन्तयिंसु सः देवका ।
सोत्थानं नाधिगच्छन्ति, अट्ठतिसञ्च मङ्गलं ।।
देसितं देव देवेन, सब्ब पाप विनासनं ।
सब्ब लोक हितत्थाय, मंगलं तं भणाम हे ।।

एवं मे सुतं – एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथ पिण्डिकस्स आरामे । अथ खो अञ्जतरा देवता अभिक्कन्ताय रत्तिया अभिक्क-न्तवण्णा केवल कप्पं जेतवनं ओभासेत्वा येन भगवा तेनुपसंकमि । उपसंकमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि । एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।



Downloaded from http://dhamma.digital/

बहू देवा मनुस्सा च, मंगलानि अचिन्तयुं ।
आकङ्खमाना सोत्थानं, ब्रुहि मंगलमुत्तमं ॥१॥

असेवना च बालानं, पण्डितानञ्च सेवना ।
पूजा च पूजनेय्यानं, एतं मंगलमुत्तमं ॥२॥

पतिरूप देस-वासो च, पुब्बे च कतपुञ्ञता ।
अत्तसम्मा पणिधि च, एतं मंगलमुत्तमं ॥३॥

बाहुसच्चञ्च सिप्पंच, विनयो च, सुसिक्खितो ।
सुभासिता च या वाचा, एतं मंगलमुत्तमं ॥४॥

माता पितु उपट्ठानं, पुत्त दारस्स संगहो ।
अनाकुला च कम्मन्ता, एतं मंगलमुत्तमं ॥५॥

दानं च धम्मचरिया च, ञातकानं च संगहो ।
अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥

आरती विरती पापा, मज्ज-पाना च संयमो ।
अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥

गारवो च निवातो च, सन्तुट्ठी च कतञ्ञुता ।
कालेन धम्मसवणं, एतं मङ्गलमुत्तमं ॥८॥

खन्ती च सोवचस्सता, समणानञ्चदस्सनं ।
कालेन धम्म साकच्छा, एतं मङ्गलमुत्तमं ॥९॥

तपो च ब्रह्मचरियञ्च, अरिय सच्चान दस्सनं ।
निब्बान सच्छिकिरिया च, एतं मङ्गलमुत्तमं ॥१०॥



Downloaded from http://dhamma.digital/

फुट्ठस्स लोक धम्मेहि, चित्तं यस्स न कम्पति ।
असोकं विरजं खेमं, एतं मङ्गलमुत्तमं ॥११॥
एतादिसानि कत्वान, सब्बत्थ मपराजिता ।
सब्बत्थ सोत्थिं गच्छन्ति तं तेसं मङ्गलमुत्तमं ॥१२॥

मङ्गल सुत्तं निट्ठितं

# मङ्गल सूत्रको अर्थ

जुन मङ्गलको निम्ति देवता र मनुष्यहरूले कल्याणको चिन्तन गरेर १२ वर्षसम्म छलफल गरेर पनि पत्ता लगाउन सकेनन् । त्यसबेला सम्पूर्ण पाप नाश हुने ३८ मङ्गल विधानलाई देवादिदेव भगवान बुद्धले देशना गर्नु भयो । सोहि मङ्गल सबै लोकको हितको निम्ति भन्दछु । यस्तो मैले सुनेको छुः– एक समय भगवान श्रावस्थीमा अनाथपिण्डिक महाजनले बनाएको जेतवनाराममा विहार गर्नु भएको थियो । त्यसबेला एक देवता रातको दुतिय प्रहरमा आफ्नो तेजले सारा जेतवन उज्यालो तुल्याई जहाँ भगवान हुनु हुन्थ्यो, त्यहाँ आएर भगवानलाई अभिवादन गरी एकातिर उभिए । एकातिर उभिएका उनी देवताले भगवानसँग गाथाद्वारा सोधे–

कल्याणको आकांक्षा लिएर धेरै देवताहरू र



Downloaded from http://dhamma.digital/

मनुष्यहरूले मङ्गलको विषयमा विचार गरिसके। अब कृपया तपाईंले उत्तम मङ्गल बताउनु होस् ॥१॥

भगवान भन्नुहुन्छः– मूर्खहरूको सङ्गत नगर्नु, पण्डितहरूको सङ्गत गर्नु र पूज्यहरूको पूजा गर्नु– यी उत्तम मङ्गल हुन् ॥२॥

अनुकूल स्थानमा बास गर्नु, पूर्व जन्मको पुण्य लाभी हुनु र आफुलाई सम्यक मार्गमा लगाउनु– यी उत्तम मङ्गल हुन् ॥३॥

बहुश्रुत हुनु, शिल्प सिक्नु, विनयी (नरमी) हुनु, सुशिक्षित हुनु, सुभाषण-मीठो वचन बोल्नु– यी उत्तम मङ्गल हुन् । ॥४॥

माता पिताको सेवा गर्नु, पुत्र स्त्रीहरूको पालन पोषण गर्नु आकुल नहुने काम गर्नु– यी उत्तम मङ्गल हुन् । ॥५॥

दान दिनु, धर्माचरण गर्नु, दाजुभाई बन्धु-हरूको संग्रह गर्नु र निर्दोष (दोष रहित) काम गर्नु– यी उत्तम मङ्गल हुन् । ॥६॥

काय वाक चित्तद्वारा पापलाई त्याग्नु, मद्यपान नगर्नु र धार्मिक कार्यहरूमा अप्रमादी तथा होशियारी हुनु– यी उत्तम मङ्गल हुन् । ॥७॥



Downloaded from http://dhamma.digital/

गौरव गर्नु, नम्र स्वभाव हुनु, सन्तुष्ट हुनु, कृतज्ञ हुनु वेलाबखतमा धर्मको श्रवण गर्नु– यी उत्तम मङ्गल हुन् । ॥८॥

सहनशील हुनु, आज्ञाकारी हुनु श्रमणहरूको दर्शन गर्नु र बेला बखतमा धर्मको छलफल गर्नु– यी उत्तम मङ्गल हुन् । ॥९॥

तपस्या गर्नु, ब्रह्मचर्याको पालन गर्नु, आर्य सत्य धर्मको बोध गर्नु, निर्वाणलाई साक्षात्कार, यी उत्तम मङ्गल हुन् । ॥१०॥

लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख र दुःख यी आठ प्रकारको लोक धर्मबाट चित्त कम्प नहुनु, शोक रहित हुनु राग, द्वेष, मोह रुपि रज नहुनु र निर्भय हुनु– यी उत्तम मङ्गल हुन् । ॥११॥

यस प्रकारको कर्म गरेर सबै ठाउँमा अपराजित (नहार्ने) भएर (मानिसहरू) कल्याण प्राप्त गर्छन्– सो उनीहरू (देव-मनुष्यहरू) को निम्ति उत्तम मङ्गल हुन् । ॥१२॥

मङ्गल सूत्र समाप्त



Downloaded from http://dhamma.digital/

# धर्मकीर्ति प्रकाशन

(नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगू विपाक
३. अभिधर्म ( भाग-१)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. य:म्ह म्हयायू
७. पञ्चनीवरण
८. भावना
९. एकताया ता:चा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि ( प्र. सं.)
१३. मैत्री भावना
१४. कर्तव्य ( प्र. सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा ( भाग-१ )
१९. बुद्धया अन्तिम यात्रा ( भाग-२ )
२०. कर्म
२१. बाखं (भाग-१)
२२. बौद्ध ध्यान ( भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं ( भाग-३ )
२९. महास्वप्न जातक ( प्र. सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म ( भाग-२)
३२. बाखंया फल ( भाग-१ )
३३. बाखंया फल ( भाग-२)
३४. क्षान्ति व मैत्री
३५ प्रार्थना संग्रह
३६. बांख ( भाग-२) (द्वि. सं. )
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीती
४०. श्रमण नारद
४१. उखानया बाखं पुच
४२. पालिभाषा अवतरण ( भाग-१ )
४३. न्हापाँयाम्ह गुरू सु ? (द्वि. सं. )
४४. पालि प्रवेश ( भाग-१)
४५ पालि प्रवेश ( भाग-२)
४६. चमत्कार
४७. बाखं ( भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म ( चित्तकाण्ड छगुया संक्षिप्त परिचय
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ. सं.)
५३. चरित्र पुचः ( भाग-१)
५४. बौद्ध ध्यान : ( भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना ( भाग-२)
५८. जातकमाला ( भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः ( भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना ( भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं

Downloaded from http://dhamma.digital/

६८. जातक माला ( भाग-२)
६९. सर्वज्ञ ( भाग-१)
७०. पालि प्रवेश ( भाग-१, २ )
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसिनी
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके ( प्र. सं.)
७६. धम्मपद ( श्लोकवद्ध भाषानुवाद )
७७. बाखं ( भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ ( भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यममार्ग
८३. महासीहनाद सुत्त
८४. भिंम्ह काय् व म्ह्याय्
८५. भिक्षु जिवन
८६. समथ व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धी
९०. झंग लाइम्ह लाखे
९१. बुद्ध पुजा विधि ( द्वि. सं. )
९२. स्वास्थ्य लाभ
९३. शिक्षा ( भाग-१)
९४. शिक्षा ( भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपस्सना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखं ( भाग-६)
९९. धम्मचक्कपवतन सुत्त ( प्र. सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक ( द्वि. सं. )
१०६. धम्मपद व्याख्या ( भाग-१)
१०७. धम्मपदया बाखं
१०८. अभिधर्म (भाग-२) (द्वि. सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद ( मुल पालि सहित नेपाल भाषय् अनुवाद ) (पाँ. सं.)
१११. आर्दश बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा ( भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण ( रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके ( द्वि. सं. )
११६. पालिभाषावतरण (भाग-२)
११७. दिर्घायु ज्वीमा
११८. न्हुगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि. सं.)
१२२. विशेषं म्ह मफैबले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखं
१२५. त्रिरत्न वन्दना ब परित्राण
१२६. धम्मचक्कप्पवतन सुत्त (द्वि. सं )
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान ( भाग-२)
१३१. बौद्ध ध्यान

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट । फोन : ४१८०५४, ४२८१३१

Downloaded from http://dhamma.digital/